हरेक खबर, विशेष खबर

# लहानपोस्ट

LAHANPOST DAILY

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक




वर्ष : ०१ अंक : १३३ पृष्ठ : ४ २०७७ मंसिर २८ गते आइतबार (Sunday 13 December 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

•भ्यू टावर उद्घाटन•

## पर्यटकको आकर्षण केन्द्र बन्दै 'बाबाताल'

लहान । प्रकृतिको काखमा तीनै तिरबाट चुरेपहाडले छेकेको 'बाबाताल' मनमोहक छ । अझ नव निर्मित भ्यू टावरले यसको सौन्दर्यतालाई नियाल्न थप मदत पुगेको छ । त्यसो त सिरहामै पहिलो पटक बाबा तालमा भ्यू टावर निर्माण गरिएको हो । शनिबार भ्यू टावरको उच्च स्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिका अध्यक्ष काशीराज दाहालले विधिवतरूपमा उद्घाटन गरेका छन् ।





सिरहाको कर्जन्हा नगरपालिका-२ बन्दीपुरदर देखि २ किलोमिटर उत्तर चुरे श्रृखंलामा अवस्थित रहेको बाबाताल पछिल्ला दिनहरूमा आन्तरिक तथा बाह्य पर्यटकको रोजाईमा पर्न थालेका छन् । बाबातालमा नवनिर्मित भ्यू टावरको उद्घाटनसँगे यसले थप पर्यटकलाई लोभ्याउने छ ।

प्रदेश २ का सरकारले आफ्नो नीति तथा कार्यक्रममा पनि यसताललाई विशेष महत्व दिएका छन् । प्रस्तुत नीति तथा कार्यक्रमको पर्यटन विकास अर्न्तगत ५६ नम्बर बुँदामा बाबाताललगायत प्रदेशका पर्यटकीय स्थलहरूको प्रवर्द्धनमा निजी क्षेत्रलाई समेत आकर्षित गरिने उल्लेख छ । पुर्व-पश्चिम राजमार्गको बन्दीपुर बजारबाट दुई किलोटिर उत्तरमा अवस्थित बाबाताल, जहाँ प्रकृतिले बेग्लै आन्दित तुल्याउने दृश्यहरू हेर्न सकिन्छ । झरना, हरियाली वनजंगलको मिश्रण, निलो पानीले भरिएको ताल, पिकनिक स्थल र मोक्षश्वर मन्दिरले वातावरण मनमोहक र सबैलाई आकर्षित गर्ने प्रकारका छन् । बोटिङ् गरी रमणीय दृश्यलाई अवलोकनमा सहजता र

बाँकी ३ पेजमा

## स्थानीय तहमा बढ्दो बेरूजुको चाङ

महालेखापरीक्षकको गत वर्षको वार्षिक प्रतिवेदनमा स्थानीय तहमा बेरूजुको दर अत्यधिक बढ्दै गइरहेको निष्कर्ष निकालिए पनि स्थानीय तहमा बेरुजु फर्स्योटसम्बन्धी संयन्त्र नहुँदा बेरूजुको समस्या अझै बढेर जाने देखिएको छ ।

बेरूजुको अवस्था बढ्दै जाने क्रम देखिएपछि केन्द्रीय सरकारले बेरूजु घटाउने र फर्स्योट गर्ने उद्देश्यसहित स्थानीय तहमा कानुनी व्यवस्था गर्ने प्रक्रिया अघि बढाएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहमा हुने गरेको बेरूजुलाई समयमै फर्स्योट गर्ने गरी 'स्थानीय तहको बेरूजु फर्स्योट समिति'को संरचना बनाउनुपर्ने प्रस्ताव गरेको छ । यसअघि बनाइएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा संघीय र प्रदेश सरकारको

बाँकी ४ पेजमा

## जंगली हात्तीको उपद्रो, घर भत्काउँदा मुसहर बस्तीमा बिचल्ली

सप्तरी । जंगली हात्तीको समूहले सिरहा लहानसँगै जोडिएको सप्तरीको सुरूङ्गा नगरपालिका-१ र ३ स्थित चहका र बिसनरीया मुसहर बस्तीमा ३० भन्दा बढी घर भत्काएको छ ।





स्थानीय दीपक कार्कीका अनुसार बस्ती नजिकै पर्ने चुरे जंगलबाट गाउँ पसेका ६ वटा जंगली हात्तीको समूहले बिहीबार र शुक्रबार राति घर भत्काउनुका साथै अन्नपात

बाँकी ३ पेजमा










फ्रेन्डस मोडेल हस्पिटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू

बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव

मधुमेह, प्रेसर डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## खानेपानीको सकस

**खानेपानीको चरम समस्या झेल्दै सर्रे अम्बासका बासिन्दा गाउँमै खानेपानीको योजना बन्ने भएपछि खुशी भएका छन् । झण्डै दुई किलोमिटर टाढाबाट खानेपानीको जोहो गर्दै आएका २३ घर परिवारको लागि नगरपालिकाको ७ लाख १९ हजार, लिबर्ड संस्थाको ३ लाख ८० हजार र ४ लाख स्थानीय जनश्रमदान गरी झण्डै १५ लाखको त्रीपक्षीय लगानीमा योजना निर्माण हुने भएपछि स्थानीय खुसी भएका हुन् । खानेपानी आयोजनाको शिलान्यास गर्दै नगरपालिका प्रमुख हरिनारायण चौधरीले अबका केही दिनपछि खानेपानीको कठिनाईबाट गुज्रिरहेको स्थानीयलाई राहत हुने बताए । १४ हजार लिटर पानी अट्ने ट्यांकी निर्माणले त्यस वरपरका २३ घर परिवारलाई घरघरमै धारा जडान गरी पानी उपलब्ध गराउने तयारी गरिएको छ । योजना ५ महिनाभित्र सम्पन्न हुने जनाइएको छ ।**

**हाम्रो देश नेपाल प्राकृतिक स्रोतहरुले भरिपूर्ण देश हो । हाम्रो देश नेपालमा विभिन्न प्रकारका प्राकृतिक सम्पदाहरु अत्याधिक मात्रामा उपलब्ध भएको पाउछौ । हुन त सम्पुर्ण प्राकृतिक स्रोतहरु अति नै महत्वपूर्ण हुन्छन् । तर पनि पानी एकदमै महत्वपूर्ण पदार्थ हो । मानव जीवनका लागि मात्र नभईकन अन्य जीव तथा बोटविरुवाका लागि पानी अत्यन्त महत्वपूर्ण हुन्छन् । पानी भनेको यस्तो तरल पदार्थ हो जसबाट विभिन्न जीव तथा चराचुरुँगीहरुको जीवनको आधार हो । पानी मानव जीवनको लागी अपरिहार्य तत्व हो । मानिस बिहान उठेदेखि नसुतिन्जेल सम्म पानीको प्रयोग गर्दछ । पानी बिनाको जीवन कल्पना पनि गर्न नसकिने भएकाले पानीको ठुलो महत्व छ ।**

**हाम्रो देश जलस्रोतमा ब्राजिल पछिको दोस्रो ठूलो धनी राष्ट्र हो । यहाँ जलविद्युत उत्पादन क्षमतापनि ८३ हजार मेघावाट रहेको छ । जलस्रोतमा धनि राष्ट्र भएता पनि यसको सही परिचालन गर्न नसकेकोले नेपाल एक अविकसित देशको रुपमा चिनिन्छ । हाम्रो देश नेपालमा करिब ६ हजार नदीनालाहरु छन् तर यसको उचित रुपमा परिचालन हुन सकेको छैन । प्राविधिक ज्ञानको कमी, जनशक्तिको अभाव, पुर्जीको अभावआदिको कारणले गर्दा जलसम्पदाको उचित परिचालन गर्न सकेको छैन । देशका कतिपय मानिसहरु शुद्ध खानेपानी खान नपाएर अकालमै मर्न बाध्य भएका छन् । शुद्ध खानेपानीको अभावमा विभिन्न किसिमका रोगहरुले धेरै मानिसहरुलाई ग्रसित पारेका छन् । देशमा शुद्ध खानेपानीको अभावको कारण हैंजा, जेन्डिस जस्ता रोगहरु फैलन्छन् ।**

**नेपालको ग्रामीण क्षेत्रमा भन्दापनि सहरी क्षेत्रमा पानीको हाहाकार मच्चिएको पाईन्छ । विशेष गरेर काठमडौं, पोखरा, विराटनगर जस्ता सहरी क्षेत्रमा पानीको बढि अभाव हुन्छ । जलस्रोतमा दोस्रो ठुलो राष्ट्र भएता पनि लोडसेडिङ्ले आजसम्म पनि पिछा छोडेको छैन । एकातिर शुद्ध खानेपानीको अभाव र अर्कोतिर अन्धकार जीवन बिताउन मानिसहरु बाध्य भएका छन् ।**

**त्यसकारण यी समस्याहरुबाट बच्नका लागी सम्पुर्ण युवावर्ग तथा सरोकार वालाहरु समेत समयमै विशेष ध्यानपुर्याउनु आवश्यक छ । जवसम्म सरोकार वालाहरु त्यस्तै युवावर्गहरु अघि बढ्दैनन् तबसम्म देशमा अन्धकार र खानेपानीको समस्या दिन प्रतिदिन बढ्दै जान्छ । त्यसकारण यस्ता समस्या समाधानगर्न तर्फ अग्रसर हुनु हामी सबैको अहम उत्तरदायित्व हो । साथै पानीको सुरक्षा गर्नु हामी सबैको कर्तव्य हो ।**

# 'खरायोको टाउकोमा जरायोको सिङ' त बन्दैन संघीयता?

डा. सोमलाल सुवेदी



अधिकार विकेन्द्रीकरण र केन्द्रीकरणको उपयुक्तता संघीयताको अभीष्ट हो । विकेन्द्रित एवं केन्द्रीकृत अधिकारको जनकेन्द्रित भई विधिसम्मत् जवाफदेही ढंगले प्रयोग गराउन–गर्न संघीयतामा लोकतन्त्रका शाश्वत् मूल्य मान्यता, आचरण र व्यवहार अनिवार्य हुन्छन् । दुई वा दुईभन्दा बढी तहका सरकारले स्वायत्त, साझेदारी, सहकार्य र समन्वयमा शासन गर्ने प्रणाली संघीयता हो । संघीयतालाई विकेन्द्रीकरणको बलियो स्वरूप पनि मानिन्छ ।

अठारौं र उन्नाइसौं शताब्दीमा स्वतन्त्र राज्य मिलेर एउटा ठूलो सबल संघ निर्माण गर्ने पध्दति अवलम्बन गरिएको थियो । अधिकार विकेन्द्रीकरणको माग प्रबलीकरण र संघीयता सुधारको सिलसिलामा दुईभन्दा बढी अर्थात् संघ र प्रदेश मात्र होइन, स्थानीय सरकारको पनि संविधानमा व्यवस्था गरी संघीय एकाइका रूपमा मान्यता दिन थालिएको छ । संघीय एकाइ भनी संविधानले स्वीकार गरेपछि सरकारका सबै तहबीच समझदारी एवं पारस्पारिक सम्मानका आधारमा अन्तरसरकारी सम्बन्ध सञ्चालन हुनुपर्ने अपेक्षा गरिन्छ ।

संघीयतामा सरकारका तहबीच अधिकार र स्रोत–साधनको बाँडफाँट गरिएको हुन्छ । अर्थात् कार्य जिम्मेवारी, लाग्ने खर्चका लागि वित्तीय स्रोतको व्यवस्था र काम गर्ने जनशक्तिसहित संगठन संरचनाको प्रबन्ध गरी स्वायत्त र साझेदारीमा राज्यको शासन पध्दति सञ्चालन गरिएको हुन्छ । यो एउटा साझेदारी प्रणाली हो जहाँ सबै साझेदारहरू उत्तिकै सहभागी, अधिकतम जनकल्याणकारी, जिम्मेवार र जवाफदेही हुन्छन् ।

संघीयताको उद्देश्य, अधिकारको बाँडफाँट, ढाँचा निर्माण र कार्यान्वयन जति प्रस्ट तथा इमानदार हुन सक्यो त्यति प्रतिफल दिन्छ । तर धेरै तहका सरकारमा धेरै कर्ता, कानुन, नीति, योजना र प्राथमिकताका साथै पध्दति र उपपध्दति हुन जाने भएकाले सकारात्मक प्रतिस्पर्धाका साथै तहगत नियन्त्रण र सन्तुलनको प्रभावकारिता अपरिहार्य हुन्छ । सरकारका सबै तहमा लोकतन्त्रको नाम भजाउने भाका र ढाँचाले होइन लोकतान्त्रिक हृदय एवं संवैधानिक निष्ठासाथ शासन गर्न गराउन सकेमा र तहगत रूपमा लोकतन्त्र नतिजामुखी भएमा मात्र संघीयताको उद्देश्यअनुरूप जनताले लाभको उपयोग गर्न सक्छन् ।

**नेपालमा संघीयता**

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासकीय संरचनाको व्यवस्था गरिएको छ । यसैअनुरूप तीन तहलाई एकल र साझा अधिकारको संविधानमा नै व्यवस्था गरिएको छ । संविधानले वित्तीय संघीयताको प्रावधान राखी राजस्व अधिकार संघ र प्रदेशले संकलन गरेको राजस्व बाँडफाँट अन्तरसरकारी वित्तीय हस्तान्तरण (समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान) र ऋण परिचालनको व्यवस्था गरेको छ । नेपालको संविधानअन्तर्गत तीनै तहको निर्वाचन भई जनप्रतिनिधिहरूको नेतृत्वमा ७६१ वटा सरकार क्रियाशील छन् । अर्थात् ७ सय ६१ वटा लोकतन्त्रका 'प्रयोगशाला' सञ्चालित छन् । सिध्दान्त, निष्ठा र अपेक्षा मनन गर्ने हो भने अधिकतम जनहितमा सबै सरकार तल्लीन छन् ।

नेपालको संविधानको धारा ३०२ बमोजिम कर्मचारीको समायोजन भएको छ । कर्मचारीका अतिरिक्त तहगत रूपमा सल्लाहकार, सचिवालय, आयोग आदि विभिन्न ढंगका समानान्तार प्रशासनिक संरचना उत्तिकै क्रियाशील छन् । वित्तीय संघीयताको सन्दर्भमा हेर्ने हो भने तहगत रूपमा राजस्व संकलन, राजस्व बाँडफाँड, वित्तीय हस्तान्तरण र संघ एवं प्रदेशबाट पटके रूपमा विभिन्न आयोजनारकार्यक्रम कार्यान्वयन गर्ने वित्तीय स्रोत स्थानीय तहमा जाने गरेको छ ।

विगतको तुलनामा स्थानीय तहमा वित्तीय स्रोतमा व्यापक बढावा आएको छ । महालेखा परीक्षकको ५७ औं वार्षिक प्रतिवेदनअनुसार आ.व २०७५र७६ मा ७ वटा प्रदेशले कुल रू २ खर्ब ५ अर्ब ६५ करोड ५२ लाख बजेटमध्ये ५४.५० प्रतिशत खर्च गरेका छन् । यसैगरी स्थानीय तहले सोही आ.व.मा संघ र प्रदेशबाट हस्तान्तरित अनुदान, राजस्व बाँडफाँट र आन्तरिक राजस्व (२६ अर्ब ७३ करोड ३२ लाख) समेत गरी कुल ३ खर्ब ४२ अर्ब ६९ करोड ५६ लाख आय प्राप्त गरेका छन् । यसमध्ये रू. दुई खर्ब ६९ अर्ब ४ करोड ३० लाख खर्च गरी रू ७३ अर्ब ६५ करोड २६ लाख मौज्दात रहन गएको थियो ।

संघीयतालाई सहजीकरण गर्न अन्तरप्रदेश परिषद्, प्रदेश समन्वय परिषद, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अन्तरसरकारी वित्त परिषद्, संघीय र प्रादेशिक संसद्, राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोगहरू, नीति अनुसन्धान प्रतिष्ठान र विभिन्न संवैधानिक निकाय क्रियाशील छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय सरकार सञ्चालन, योजना पध्दति, सेवा प्रवाह र सहभागितामूलक शासन प्रणालीका विभिन्न प्रावधान राखिएको छ ।

एकात्मक प्रणालीमा झैं ससाना योजना र एउटा शिक्षकको दरबन्दीका लागि सिंहदरबार धाउनुपर्ने अवस्था छैन । केवल तहगत रूपमा वितरित जिम्मेवारी निर्वाह, स्रोतको परिचालन, मितव्ययिता, आर्थिक अनुशासन, सुशासन, कानुनको शासन, जवाफदेही, पारदर्शी र नतिजामूलक कार्य पध्दति अवलम्बन गरी समतामूलक ढंगले राज्यको स्रोत परिचालन गराउनमा सबैको सामूहिक प्रयासको खाँचो छ ।

**कार्यान्वयन समस्या**

संघीयता सरकारका तहबीच अधिकार र स्रोत(साधनबारे विवाद, द्वन्द्व सम्पादन संवाद हुने र समन्वय हुनुपर्ने व्यवस्था हो । अधिकार प्राप्ति र प्रयोगमा तहगत एवम् दलगत प्रतिस्पर्धाले शासकीय नतिजा वृध्दि हुनुका साथै जनसहभागिता अर्थपूर्ण हुँदै जान्छ । शासन प्रणाली समस्यारहित हुँदैन । समस्या समाधानले नै परिमार्जन गर्छ । नेपालको संघीयताको अवधि पाँच वर्ष भए पनि कमजोर पूर्वतयारी, पध्दति र सामाजिक रूपान्तरण संघीयता अनुकूल पर्याप्त भई नसकेकाले विभिन्न समस्या मौजुद छन् । तीमध्ये मुख्य समस्या उल्लेख गरिन्छ :

**कार्य जिम्मेवारी निर्धारणमा कमी–कमजोरी** : कार्य जिम्मेवारीमा प्रस्टता–संघीयता र विकेन्द्रीकरणको आधार हो । हाम्रो संविधानका अनुसूची ५ देखि ९ सम्ममा संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको उल्लेख गरिएको छ । नेपाल सरकारले स्वीकृत गरेको कार्य विस्तृतीकरण प्रतिवेदनले संघमा ८७३, प्रदेशमा ५६७ र स्थानीय तहमा ३५५ कार्य जिम्मेवारी तय गरेको छ । यी कार्य जिम्मेवारी कार्यान्वयन गर्ने अधिकार निक्षेपण, (काम, दाम, जनशक्ति कार्यविधि, नीति, योजना आदि) पर्याप्त नहुँदा कुन तहले के काम गर्ने भन्ने अझै प्रस्ट छैन । फलतः लोकप्रिय र सरल काम सबै तहले गर्ने होड चलेको छ । तसर्थ संविधान, स्थानीय सरकार सञ्चालन ऐन, कार्य विस्तृतीकरण प्रतिवेदन, कार्यविभाजन नियमावलीहरू र राष्ट्रिय नीतिहरूका आधारमा स्वतन्त्र विज्ञद्वारा कार्य जिम्मेवारी थप प्रस्ट पार्नुपर्छ । राजनीति जागिरमा रूपान्तरण भइसकेको छ । सेवाभावले नेटो काटेको छ । राष्ट्रसेवकको पारिश्रमिक र सुविधाभन्दा माथिल्लो स्तरको लिने होडबाजी छ ।

**राजस्व अधिकार** : राजस्व अधिकारलाई राजस्व आर्जन तथा संकलन सम्भाव्यता, सरलता, दोहोरो परेका अधिकार र प्राकृतिक स्रोत परिचालनका आधारमा विद्यमान समस्या समाधान गरी राजस्वको एकीकृत सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ । राजस्वसँग कामको वा सेवाको आबध्दता देखिने, बुझिने गरी गर्न आवश्यक छ ।

**अन्तरसरकारी वित्तीय हस्तान्तरण** : वित्तीय विकेन्द्रीकरणको सिध्दान्तले काम र दामसँगै जानुपर्छ भन्छ । वित्तीय हस्तान्तरणले सरकारका तहबीच वित्तीय सन्तुलन, नागरिकको सेवामा समान पहुँच एवम् गुणस्तर र सन्तुलित तथा समावेशी विकासमा सघाउ पुर्याउन सक्नुपर्छ ।

साबिकको बजेट तर्जुमा, योजना वितरण प्रणाली र अर्थ मन्त्रालयलगायत संघीय निकायहरूको हैकम संघीयता अनुकूल रूपान्तरण भइसकेको छैन । बढोत्तरी र संघले अड्कलेको स्रोत नै हस्तान्तरण भएको प्रदेश तथा स्थानीय तहका पदाधिकारी बताउँछन् । यसैगरी सेवाको लागत र मापदण्डबमोजिम देशभरका नागरिकले समान खालको सेवा सहज प्राप्ति सुनिश्चित हुने गरी वित्तीय हस्तान्तरण पध्दति प्रभावकारी हुन नसकेको गुनासो यत्रतत्र सुनिन्छ । तसर्थ पध्दतिसंगत ढंगले संविधानको मर्मबमोजिम यस क्षेत्रका समस्यालाई सम्बोधन गर्नु नितान्त जरूरी छ ।

**प्रशासनिक संघीयता** : प्रशासनिक संघीयताले राजनीतिक संघीयताको उद्देश्य प्राप्ति र वित्तीय संघीयता कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ । यो सार्वजनिक प्रशासनसँग जोडिन्छ । उड्रो विल्सनले भनेका छन् 'सार्वजनिक प्रशासन कानुनको व्यवस्थित र विस्तृत कार्यान्वयन हो ।' यसैगरी संघीयता कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउने माध्यम प्रशासनिक संघीयता हो । हाम्रो प्रशासनिक संघीयता सबल बनाउन सकिएको छैन । जनतालाई सेवा दिने स्थानीय तहमा कर्मचारी कम छन् । संघीय तहको संगठन संरचनामा खासै कमी आएको देखिँदैन । अधिक कर्मचारी संघमा नै छन् । प्रशासनिक संस्कार रूपान्तरण हुन सकेका छैन ।

राजनीतिक नेतृत्व सल्लाहकार र सचिवालयको हाबी सबै तहमा रहेको प्रशासनिक पदाधिकारीहरु नै बताउँछन् ।

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज स्वास्थ्य क्षेत्र निर्बल रहने भएकाले सजगता अपनाउनु नै उचित हुनेछ । काम विगार्नेको सक्रिय रहने देखिन्छ । नियमित खर्चसमेत बढ्ने योग छ ।

**वृष** :- रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । भाग्यले साथ दिनेछ । मनमा हर्ष, उमङ्ग र उत्साहा छाउनेछ । शिक्षामा सफलता पाईनेछ ।

**मिथुन**:- आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाईनेछ ।

**कर्कट** :- आज रमाइलो यात्राको योग रहेको छ । आफन्तबाट सहयोग प्राप्त हुनेछ । नयाँ कार्यको थालनी हुनेछ । पढाइ लेखाइमा प्रगति हुनेछ ।

**सिंह**:- आज शुभ कार्य तथा सामाजिक क्षेत्रमा धन खर्च हुनेछ । प्रेममा मनमुटावका साथै मन कमजोर रहला । शिक्षामा अवरोध आउनसक्छ ।

**कन्या** :- आफन्त र मित्रवर्गको सहयोग पाइने नै छ । बन्दव्यापार र साझेदारीबाट राम्रो प्रतिफल प्राप्त हुनेछ । रमाइलो र टाढाको यात्राको सम्भावना समेत छ ।

**तुला** :- आज मिष्ठान्न भोजनको अवसर प्राप्त हुने योग छ । पराक्रम बढ्नुका साथै धन लाभका योग पनि देखिन्छन् । प्रेम जीवन पनि सफल रहनेछ ।

**वृश्चिक** :- आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरु भेटिनेछन् । छोटो दुरीको लाभदायी यात्रा हुनेछ । अरूलाई प्रभावित पारेर काम बन्नेछ ।

**धनु** :- अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला । अल्छीपना पनि बढ्नेछ ।

**मकर**:- आँटेको र ताकेको कार्य पुरा होला । प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेकोछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ ।

**कुम्भ**:- लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ । अरूको मुख नताकी सही निर्णय लिन सके थप अवसर प्राप्त होला । स्वादिष्ट भोजन पाईनेछ ।

**मिन** :- आज बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ । धर्म,कर्म तथा समाज सेवामा मन लाग्नेछ । सांगितीक क्षेत्रमा रूची पनि बढ्नेछ ।

# पेट्रोल, डिजेल र मट्टितेलको मूल्य बढ्यो

काठमाडौँ । नेपाल आयल निगमले शनिबार मध्यराति १२ बजेबाट लागू हुनेगरी पेट्रोल, डिजेल र मट्टितेलको मूल्य बढाएको छ । पेट्रेलियम पदार्थको स्वचालित मूल्य कार्यान्वयन कार्यविधि अनुसार निगमको शनिबार बसेको बैठकले मूल्य बढाउने निर्णय गरेको हो ।

निगमद्वारा जारी विज्ञप्ति अनुसार पेट्रोलमा प्रतिलिटर १ रूपैयाँ तथा डिजेल र मट्टितेलमा प्रतिलिटर २ रूपैयाँ बढाइएको छ । नयाँ मूल्य अनुसार अब पेट्रोल प्रतिलिटर १०८ र डिजेल र मट्टितेल प्रतिलिटर ९१ रूपैयाँमा बिक्री हुनेछ । रासस

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल
काठमाडौं ।

प्रेस विज्ञप्ति

मिति २०७७।०८।२७

पछिल्लो पटक ईण्डियन आयल कर्पोरेशनबाट १ डिसेम्बर २०२० मा प्राप्त खरिद मुल्य अनुसार पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएर आएको हुँदा पेट्रोलियम पदार्थको स्वचालित मूल्य कार्यान्वयन कार्यविधि तथा निगमको मिति २०७७।०८।२७ को निर्णय अनुसार मिति २०७७।०८।२७ को राति १२:०० बजेदेखि लागू हुने गरी पेट्रोलको साबिकको खुद्रा बिक्रि मुल्यमा रू. १।०० प्रति लिटर तथा डिजेल/मट्टितेलको साबिकको खुद्रा बिक्रि मुल्यमा प्रति लिटर रू २ ले वृद्धि गरी काठमाण्डौं (निगमको डिपो क्षेत्रको १५ कि.मि. परिसर भित्र)को लागि पेट्रोलको नयाँ खुद्रा बिक्रि मुल्य रू. १०८।०० प्रति लिटर तथा डिजेल/मट्टितेलको नयाँ खुद्रा बिक्रि मुल्य रू. ९१।०० प्रति लिटर कायम गरेको छ भने हवाई ईन्धन तथा एल.पि.ग्यासको मुल्य हाललाई यथावत नै राखिएको छ । हाल मुल्य समायोजन भए पश्चात् पनि भारतिय सीमा रक्सौलसँग जोडिएको नेपालको विरगंज क्षेत्रमा पेट्रोल प्रति लिटर रू. ३१.८४ र डिजेल प्रति लिटर रू. ३७.२६ ले नेपाल तर्फ सस्तो रहेको सम्बन्धित सबैमा यसै विज्ञप्ति मार्फत् जानकारी गराईन्छ ।

२०७७।८।२७
प्रवक्ता
ई. विनित मणि उपाध्याय

## पर्यटकको...

रमाइलोका लागि ४ वटा बोटको व्यवस्था गरिएको छ । 'चुरे पहाडको फाँटबाट बग्ने बाढीको पानीले विघौं जग्गामा बालुवा पुरिने गरेको थियो,' स्थानीय प्रकाश कोइरालाले भने,'गाउँलेहरूको छलफलले यो ठाउँलाई ताल बनाउने निर्णय गरियो । भु-संरक्षण कार्यालयले जग्गा संरक्षणको लागि बजेट सहयोग गर्दा खहरे खोला ३ वर्षअघि तालमा परिणत भयो ।' गाउँलेहरूको प्रयास र विभिन्न निकायले गरेको सहयोगले ताल यतिखेर पर्यटकीय स्थलको रूपमा विकास हुँदै गएको छ । चुरे छेउमा माटाले बाँध हालेपछि बगरमा परिणत भएको सयौं विघा खेती योग्य उब्जाउ जमिन उपयोगमा आएको कोइरालाले सुनाए ।

बाबाताललाई देशकै पर्यटकीय गन्तव्यको रूपमा उभ्याउन आवश्यक रहेको बाबाताल संरक्षण समितिका कैलाश घिमिरेको भनाइ छ । 'ताल रमणीय भएकोले चलचित्र निर्माणका निम्ति सुटिङ्गका लागि फिल्म तथा एलबम निर्मातारू यहाँ आउने गरेका छन्,' उनले भने,'कहिले भोजपुरी त कहिले मैथिली फिल्मको दर्जनौं सुटिङ्ग भएको छ ।'

प्रवेश शुल्क र बोटिङ्ग टिकटबाट दैनिक पाँच हजार आम्दानी हुँदै आएको बाबा ताल संरक्षण सम्बर्द्धन समितिका घिमिरेले जानकारी दिए । उनका अनुसार घुमफिर गर्ने सिजनमा एकै दिन ५० हजारसम्म आम्दानी भएको छ । तिहार पछि कार्तिक, मंसिर, पुस र माघ महिना बाबाताल घुम्ने सिजन रहेको उनले जनाए । प्रकृतिको काँखमा रमाउँदै पिकनिक खाने सौखिनहरूका लागि उपयोगी बन्दै आएको बाबातालमा प्रवेश शूल्क १० र आधा घण्टा बोटिङ्ग गर्दा सय रूपैयाँ लिने गरेका छन् । पिकनिकका लागि आउने समुहसँग ५ सय रूपैयाँ प्रवेश शुल्क लिने गरेका छन् । प्रवेश शुल्क र बोटिङ्गको टिकट काट्दा वर्षेनी लाखौं रूपैयाँ आम्दानी हुने गरेको छ ।

बाबा ताल क्षेत्रमा पिकनिक स्थल, चिल्ड्रेन पार्क र सडक कालोपत्रे लगायतका निर्माण कार्य गरिएको ताल संरक्षण सम्बर्द्धन समितिका अध्यक्ष अंजनी कुमार दाहालले बताए । केही समयभित्रै स्थानीयहरूसँगको सहकार्यमा होमेस्टे पनि संचालन गर्ने तयारी भईरहेको उनले सुनाए । 'पहिला धेरै मात्रामा वन फडानी हुन्थ्यो,'उनले भने,'जब देखि बाबाताल संचालनमा आएपछि वन फडानी रोकिएको छ ।' उनका अनुसार पर्यटन विकाससँग सम्बन्धित निकायसँग सहकार्य गरेर यो ठाउँलाई अझ राम्रो बनाउने आफूहरूको योजना रहेको छ ।

## जंगली...

खाइदिएको छ । जंगली हात्तीले ३० वटा घरमा क्षति पुऱ्याएपनि मानवीय क्षति हुन पाएन ।

'खाना खाएर सुतिसकेपछि गाउँ पसेको हात्तीको समूहले घर भत्काउन थालेपछि जहान बालबच्चा घिसार्दै पल्लो गाउँ पुगेर ज्यान जोगायौँ' सदायले भने 'हात्तीको समूहले घर भत्काउनुका साथै मजदुरी गरेर राखेको अन्नपात समेत खाइदिएपछि बिचल्ली भएको छ ।'

बस्तीका अर्का हात्तीपीडित रामलोचन सदायले भने 'बस्तीमा एक घण्टा भन्दा बढी समयसम्म हात्तीको समूहले १८ वटाभन्दा बढी घर भत्काएर बोरा, माटोको कोठीमा राखेको धान, चामल समेत खाइदियो ।'

छिमेकीको घरमा आश्रय लिएर ज्यान जोगाएको भएपनि घर भत्किएकाले चिसोमा कसरी गुजारा गर्ने भन्ने चिन्ता थपिएको उनले बताए ।

बस्तीमा हात्ती पसेको खबर पाए लगत्तै इलाका प्रहरी कार्यालय भेडिया, प्रहरी चौकी लक्ष्मीपुरबाट खटिएको प्रहरीले पुगेर स्थानीय बासिन्दाको सहयोगमा आगो बालेर टिन ठटाएपछि हात्ती उत्तरतिर लागेको गाउँलेहरूले बताए ।

मुसहर बस्तीमा जंगली हात्तीको समूहले वितण्डा मच्चाएपछि शनिबार बिहान सुरूङ्गा नगरपालिका प्रमुख मुक्तिनाथ चौधरी, सुरूङ्गा १ का कार्यबाहक वडाध्यक्ष इन्द्रसाद आलेसहितको जनप्रतिनिधिहरूको टोलीले बस्तीको अनुगमनसँगै पीडितहरूसँग भेटघाट गरेको छ ।

हात्तीपीडित बस्तीको अनुगमनपछि नगर प्रमुख चौधरीले प्रहरी र वडा कार्यालयसँगको समन्वयमा क्षतिको विवरण यकिन पीडितहरूलाई तत्कालका लागि केही राहतको व्यवस्थापन गरिने बताए ।

पछिल्लो मंसिरको दोस्रो सातादेखि सप्तरीको उत्तर पश्चिमी भेगमा पर्ने सुरूङ्गाको श्रीपुर, खोरिया टोल, लक्ष्मीपुर, दौलतपुर, कडहर्वा, चहका, विषनरिया लगायतका गाउँमा जंगली हात्तीको समूहले घर भत्काउन थालेपछि स्थानीय आतंकित बनेका छन् ।

सिराहा सप्तरीको उत्तरी क्षेत्रमा प्राय: हरेक हिउँदमा पूर्वी भेगबाट चुरे जंगल हुँदै आउने जंगली हात्तीको समूहले स्थानीय बासिन्दाको घर भत्काईदिने, बालीनाली खाइदिने गरेको छ । सप्तरीको राजविराजस्थित डिभिजन वन कार्यालयका वन अधिकृत सन्तोष झाले हात्तीको आक्रमणबाट जोगिन सजग रहनुको बिकल्प नरहेको बताए । 'संरक्षित जनावर हो, केही गर्न मिल्दैन, यद्यपि मानवीय क्षति हुन नदिन स्थानीय प्रशासन, वन र प्रहरीको टोलीले प्रभावित बस्तीहरूमा पुगेर सजग गराइरहेका छौं' वन अधिकृत झाले भने ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# वर्षा र हिमपात हुने

**काठमाडौं ।** शनिबार देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्का वर्ष र हिमपात हुने भएको छ । जल तथा मौसम विज्ञान विभागले शनिबार एक बुलेटिन प्रकाशित गरी पश्चिमी वायुको प्रभावसँगै दक्षिणपूर्वी अरवियन सागरबाट जलवाष्पयुक्त हावा नेपाल प्रवेश गरिरहेकाले सुदूरपश्चिम, गण्डकी र कर्णाली प्रदेशको उच्च हिमाली भूभागका केही स्थानमा हल्का वर्षा र हिमपात हुने जनाएको छ । साथै पहाडी भूभागका एक वा दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको विभागल जनाएको छ ।

हाल देशभर आंशिकदेखि सामान्य बदली रहेको छ । राति प्रदेश नं १, दुई, वाग्मती र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही हिमाली भूभागमा हल्कादेखि माध्यम हिमपातको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम ९ दशमलव ३ डिग्री र अधिकतम तापक्रम २० दशमलव शून्य डिग्री सेल्सियस रहेको छ । त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस १ दशमलव ५ डिग्री र सबैभन्दा धेरै जनकपुरको न्यूनतम तापक्रम १५ दशमलव ४ डिग्री सेल्सियस रहेको छ । **रासस**

## स्थानीय...

बेरूजु फर्स्योटका सम्बन्धमा व्यवस्था भए पनि स्थानीय तहको बेरूजुलाई सम्बोधन हुने गरी व्यवस्था नभएकाले स्थानीय तहको बेरूजु फर्स्योटमा समस्या सिर्जना भएको हो ।यसरी स्थानीय तहमा बेरूजु फर्स्योटसम्बन्धी कानुनमा नै कुनै व्यवस्था नभएकाले त्यस सम्बन्धमा कानुनी व्यवस्था गर्न समेत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रस्ताव गरेको छ । हाल स्थानीय तहमा आन्तरिक लेखापरीक्षण शाखा र लेखा समिति रहने भए पनि ती संरचनाले बेरूजु फर्स्योटसम्बन्धी निर्णय गर्न सक्ने अधिकार राख्दैनन् । संघीय शासन लागू हुनुअघि स्थानीय निकायमा नगर परिषद् तथा गाउँ परिषद् आफैंलाई निर्णय गरेर बेरूजु फर्स्योट गर्न सक्ने अधिकार रहेको थियो तर संघीय शासन लागु भएसँगै स्थानीय तहलाई त्यस्तो अधिकार नहुँदा बेरूजुसम्बन्धी समस्या बढेर जाने देखिएको हो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रस्ताव गरेको संरचनामा सम्बन्धित प्रदेश संसद्को लेखा समितिले तोकेको सदस्य संयोजक रहने प्रावधान राखिएको छ भने सदस्यहरूमा जिल्ला समन्वय समितिका प्रमुख र महालेखापरीक्षकले तोकेको प्रतिनिधि रहने छन् भने सदस्य सचिवका रूपमा जिल्ला समन्वय अधिकारी रहनेछन् ।

मन्त्रालयका प्रवक्ता सहसचिव वसन्त अधिकारीले स्थानीय तहमा बेरूजु फर्स्योटसम्बन्धी कानुनी व्यवस्था नहुँदा समस्या बढ्दै गइरहेकाले त्यस्तो समस्या आउन नदिन आवश्यक कानुनी प्रक्रियाका लागि पहल थालिएको जानकारी दिए ।

मन्त्रालयले प्रस्ताव गरेको संरचना मन्त्रिपरिषद्बाट स्वीकृत भई कानुनी प्रक्रिया निर्माणको बाटो खुला भएमा स्थानीय तहमा आन्तरिक लेखापरीक्षणले देखाएका बेरूजुमाथि छलफल गर्ने, निर्देशन दिने, बेरूजु फर्स्योट गर्नेलगायतका अधिकार समितिलाई हुनेछ । यसअघि बनाइएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमै यससम्बन्धी प्रावधानलाई समाविष्ट गर्ने गरी कानुन संशोधन गर्न सकिएमा स्थानीय तहमा बेरूजु फर्स्योटसम्बन्धी समस्या दीर्घकालीन रूपमै हल भएर जाने मन्त्रालयका प्रवक्ता अधिकारीले बताए ।

स्थानीय तहको बेरूजुलाई सम्बोधन गर्ने गरी यो कानुनी व्यवस्था भएमा स्थानीय तहमा देखिएको बेरूजुको चाङसहितको आर्थिक अपारदर्शितामा समेत कमी आउने मन्त्रालयका उच्च अधिकारीको विश्लेषण छ ।

मन्त्रालयका अनुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा नयाँ व्यवस्था थपका लागि सहमति माग गरिएकामा सरकारको प्रशासन समितिबाट सैद्धान्तिक सहमतिसमेत प्राप्त भइसकेको छ । समितिबाट सहमति आइसकेकाले सो प्रस्ताव अब छिट्टै मन्त्रिपरिषद्मा लगेर स्वीकृत गराइने तयारी गरिएको मन्त्रालयले जनाएको छ ।

**स्थानीय तहको बेरूजुमा तेब्बरले वृद्धि**

बेरूजु फर्स्योट हुने क्रम रोकिँदा र आर्थिक मितव्ययितासमेत अवलम्बन गर्न नसक्दा स्थानीय तहमा बेरूजु दर तेब्बरले बढेको छ । महालेखापरीक्षकको प्रतिवेदनले स्थानीय तहमा बेरूजु दर ह्वात्तै बढेको निष्कर्ष निकालेको हो । महालेखापरीक्षकको कार्यालयका अनुसार संघीय शासन लागु हुनुपूर्व अर्थात् आर्थिक वर्ष २०७२र७३ सम्म स्थानीय तहमा नियमित गर्नुपर्ने ४ अर्ब ७ करोड ८४ लाख २७ हजार, असुलउपर गर्नुपर्ने ७८ करोड ३८ लाख ९६ हजार र पेस्की ६ अर्ब ६१ करोड ३९ लाख ६५ हजार रूपैयाँ गरी कुल बेरूजु ११ अर्ब ४७ करोड ६२ लाख ८८ हजार रूपैयाँ रहेको थियो ।

तर संघीय शासन लागु भएपछि अर्थात् आर्थिक वर्ष २०७३र७४ मा १६ अर्ब ५० करोड ८२ लाख ८७ हजार बेरूजु रहेको छ । जसमा नियमित गर्नुपर्ने ७ अर्ब ९० करोड ४९ लाख ७३ हजार, असुलउपर गर्नुपर्ने ७३ करोड २१ लाख २ हजार र पेस्की ७ अर्ब ८७ करोड १२ लाख १२ हजार रूपैयाँ रहेको छ ।

यसैगरी आर्थिक वर्ष २०७४र७५ मा नियमित गर्नुपर्ने १४ अर्ब ६३ करोड ६८ लाख २१ हजार, असुलउपर गर्नुपर्ने २ अर्ब ७१ करोड ३७ लाख ९६ हजार र पेस्की ६ अर्ब ४२ करोड ४९ लाख ११ हजार गरी कुल २३ अर्ब ७७ करोड ५५ लाख २८ हजार बेरूजु रहेको छ । यस्तै, आर्थिक वर्ष २०७५र७६ मा २४ अर्ब ३६ करोड ७६ लाख ६९ हजार नियमित गर्नुपर्ने, ५ अर्ब १६ करोड ९ लाख २१ हजार असुल उपर गर्नुपर्ने र पेस्की ७ अर्ब ९५ करोड ३१ लाख ७० हजार गरी कुल ३७ अर्ब ४८ करोड १७ लाख ६२ हजार बेरूजु रहेको छ । **रासस**

## खरायोको...

त्यसैले संगठन संरचना जनशक्ति र कार्य जिम्मेवारीका आधारमा प्रशासनिक संघीयतालाई स्वतन्त्र विज्ञद्वारा पुनरावलोकन गरी संघीयतामैत्री, कार्य संस्कृतियुक्त र प्रोत्साहित प्रशासन कसरी बनाउन सकिन्छ, उपाय खोजी कार्यान्वयन गर्नु फलदायी हुनेछ । संघीयताको स्वामित्व र नेतृत्व : संविधान जारी भएपछि काम तमाम भएझैँ कार्यान्वयनमा राजनीति सुस्ताएजस्तो लाग्थ्यो । साझा राष्ट्रिय कार्ययोजना र राजनीतिक दलहरु स्वयंको प्रतिबध्दताको कमी थियो । संघीय मन्त्रालयहरु संविधानबमोजिम कसरी अधिकार प्रदेश र स्थानीय तहमा दिन सकिन्छ भन्ने भन्दा कसरी यो संघमै राखी मन्त्रालयको साम्राज्य कायम राख्न सकिन्छ भन्ने मनोग्रन्थिले ग्रस्त भए । अहिले पनि यो ग्रन्थी सक्रिय नै छ । संघीयता कार्यान्वनको चिन्तनभन्दा सत्ताको छिनाझपटीमा राजनीतिक क्षेत्र सुरूदेखि रमायो । तसर्थ राजनीतिक स्वामित्व र नेतृत्व सक्रिय र इमानदार प्रयास गरी सबै तहका संघीयता कार्यान्वयन गर्नु जरूरी छ ।

**कार्यान्वयन ढाँचा :** राज्यशक्ति सरकारका तीन तहका विभाजन गरी संघीयता बनाइएकाले संघ बलियो बनाउनुपर्ने अवस्था होइन कि विकेन्द्रीकरण प्रभावकारी र नतिजामुखी बनाउन संविधानले मार्गनिर्देशन गरेको छ । संयुक्त राज्य अमेरिकामा एक शताब्दीसम्म राज्यहरु संघीयताका प्रभावशाली साझेदार थिए । दोस्रो विश्वयुध्द र मन्दीपछि संघ बलियो हुँदै आएको हो । नेपालमा संघ धेरै समयसम्म बलियो रहनु स्वाभाविकै हुन्छ । प्रवेश र संघलाई संघीयता कार्यान्वनभन्दा पनि राष्ट्रिय राजनीति बढी प्राथमिकताको विषय बनेको छ । कोभिड–१९ को असरलाई देखाएर विकेन्द्रीकरण होइन, केन्द्रीयकरण अझ प्रबल हुने अन्तर्निहित सम्भावित जोखिम मनन गरी संविधानबमोजिम अधिकार विकेन्द्रीकरणमा ध्यान दिएमा मात्र संघीयता कार्यान्वयन संविधानको मर्मबमोजिम हुनेछ ।

**नयाँ निकायको प्रभावकारिता :** संघीयता कार्यान्वयनलाई सहजीकरण, समन्वय र सहयोग गर्न खडा गरिएका संवैधानिक र कानुनी निकाय प्रभावकारी हुन नसक्नु समस्याको सबैभन्दा ठूलो गाँठो हो । यी निकायको कार्य संस्कृति पुरानै शैलीको छ । संविधानले दिएको हैसियत स्थापित गर्न सकेको देखिँदैन । त्यसैले त्यस्ता निकाय प्रभावकारी नभई संघीयता कामयाबी हुन सक्दैन ।

**सञ्चारमाध्यम :** संघीयताका आयाम र सुधारका लागि सञ्चारमाध्यमको सकारात्मक क्षमता बढाउनु जरूरी छ । सूचना संकलन, विश्लेषण र सम्प्रेषणमा दक्षता, इमान एवं प्रतिबध्दता संघीयता कार्यान्वयनमा विशेष महत्वका विषय हुन् । त्यसैले तहगत रूपमा खुला सरकारको अवधारणालाई कार्यान्वयनमा ल्याउन सञ्चारमाध्यमले अहं भूमिका खेल्न सक्नुपर्छ ।

**मितव्ययिता :** संघीयतामा राजनीतिक सञ्चालन तथा प्रशासनिक अदक्षताका कारण खर्च बढ्छ । नेपालमा यी तीनवटै खर्च बढिरहेको छ । राजनीति जागिरमा रूपान्तरण भइसकेको छ, सेवाभावले नेटो काटेको प्रतीत हुन्छ । विगतमा राष्ट्रसेवकहरूले लिने गरेको पारिश्रमिक र सुविधाभन्दा माथिल्लो स्तरमा पारिश्रमिक र सुविधा लिने होड विद्यमान छ । सञ्चालन खर्च सबै तहमा बढ्ने क्रम जारी छ । मितव्ययी हुन सकिने उपाय नखोज्नु र कतिपय प्रयोग गर्न नजानेर पनि त्यस्तो खर्च बढेको छ ।

अनावश्यक खर्च कटौती, खर्चमा मितव्ययिता र सेवा–सुविधामा विवेकशीलता अवलम्बन गरिएन भने संघीयता 'खरायोको टाउकोमा जरायोको सिङ' हुनबाट जोगाउन कठिन हुनेछ ।

आ.व. २०७५/७६ मा संघीय सरकारले रू. सात खर्ब १६ अर्ब ४२ करोड सञ्चालन खर्च गरेको छ भने सातवटै प्रदेशले रू ५१ अर्ब ९ करोड ४३ लाख खर्च गरेका छन् । उक्त आ.व. प्रदेशहरूले रू. ६० अर्ब ९९ करोड ५६ लाख पुँजीगत खर्च गरेको महालेखापरीक्षकको ५७ औँ वार्षिक प्रतिवेदनले ल्याएको छ । यसैगरी सोही आवमा देशभरका स्थानीय तहले रू. २ खर्ब २३ अर्ब ३७ करोड ६९ लाख सञ्चालन खर्च गरेको छ । प्रदेश र स्थानीय तहले प्राप्त गरेको स्रोत उपयोग गर्न नसक्ने र गरेको अधिकांश खर्चको हिस्सा सञ्चालन खर्चको हुने अवस्थाले तीनै तहको समग्र खर्च एकीकृत गरी अध्ययन गर्ने हो भने सञ्चालन खर्चको तस्बिर भयावह देखिन सक्छ ।

सरकारका सरकारका तीनै तह अर्थात् ७६१ वटै सरकारमा मितव्ययिता अपनाउन सकिएन भने बढ्दो खर्च धान्न हाम्रो स्रोतले पुग्दैन । प्रभाव र विकास निर्माण अवरूध्द हुने अवस्था आउन सक्छ । त्यसैले अनावश्यक खर्च कटौती, खर्चमा मितव्ययिता र सेवा–सुविधामा विवेकशीलता अवलम्बन गरिएन भने संघीयता 'खरायोको टाउकोमा जरायोको सिङ' हुनबाट जोगाउन कठिन हुनेछ ।

**उपसंहार**

नेपालको संघीयता प्राविधिक र वित्तीय सम्भाव्यताका आधारमा भन्दा राजनीतिक व्यवस्थापनको उपज हो । यसको प्रभावकारी कार्यान्वयन गरी दीगो शान्ति, सुशासन, विकास र समृध्दि ल्याउन ७६१ सरकारका राजनीतिक नेतृत्वको अग्रिम दायित्व र जिम्मेवारी हो । यसैगरी प्रशासनिक क्रियाशीलता र व्यावसायिक दक्षता अर्को पाटो हो । कार्य वातावरण, सामाजिक र राजनीतिक दलको रूपान्तरण अझै महत्वपूर्ण आयाम हुन । बल्लबल्ल राजनीतिक संक्रमण सकिएर संविधान कार्यान्वयनमा ध्यान दिनुपर्ने समयमा विद्यमान समस्याको व्यावहारिक समाधान गरी संघीयताको बोनस जनतालाई दिनु ढिलो भइसकेको छ । त्यसैले तहगत सरकारको कार्यसम्पादन इमानदार, मितव्ययी, प्रभावकारी समावेशी, दीगो र नतिजामूलक बनाउन अन्तरसरकारी सम्बन्धको क्रियाशीलता र जिम्मेवारी सबैको कर्तव्य हो । यसतर्फ सबैको ध्यान जाओस् । *इकागजबाट*


## नविकरणको म्याद थप सम्बन्धि सूचना ।

**विश्वमा महामारीको रुपमा फैलिएको कोभिड–१९ को कारण समयमा सावारी चालक अनुमतिपत्र, सवारी साधन जाँचपास र रुट ईजाजतपत्र नविकरण गर्न नसकिएकाहरुको लागी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार काठमाडौंको पत्रानुसार नेपाल सरकार (मन्त्रीपरिषद्)को मिति २०७७।०८।१५ गतेको निर्णयानुसार सावारी चालक अनुमतिपत्र, सवारी साधन जाँचपास र रुट ईजाजतपत्र नविकरणको म्याद मंसिर मसान्त सम्म थप गरिएको व्यहोरा सबैमा जानकारीको लागी अनुरोध छ ।**

प्रदेश सरकार
प्रदेश नं. २
**यातायात व्यवस्था कार्यालय**
लहान, सिरहा

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

- बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
- नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
- लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
- सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
- अर्नमा गाउँपालिका कार्यालय, सिरहा
- भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
- औरही गाउँपालिका कार्यालय, सिरहा
- विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
- नरहा गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)